**AMC Multidisciplinary Research Journal, Volume 3, Issue 1, 2022**
Peer Reviewed Research Article

# स्नातकोत्तर नेपाली शिक्षा शोधपत्रमा ममाविष्ट सन्दर्भ सामग्री सूचीमा रहेका त्रुटि

**हर्कबहादुर शाही[1*]**

[1]सुर्खेत बहुमुखी क्याम्पस
*Corresponding Author: shahiharka482075@gmail.com

Citation: शाही, हर्कबहादुर (२०७८), स्नातकोत्तर नेपाली शिक्षा शोधपत्रमा ममाविष्ट सन्दर्भ सामग्री सूचीमा रहेका त्रुटि, *AMC Multidisciplinary Research Journal*, *3*, (1), 53-59.

---

***लेखसार***

*यो ढाँचा प्रचलनमा धेरै आएकाले त्रिवि शिक्षाशास्त्र सङ्कायले एम.एड. तहका शोधपत्र लेखनमा प्रयोग गर्नुपर्ने निर्देशिका बनाएको छ । पहिले एपिएको छटौं संस्करणलाई आधार बनाइएको थियो भने हाल सातौं संस्करणलाई मानेको छ । एपिए छैटौं संस्करणका आधारमा एम.एड. नेपाली शिक्षाका शोधपत्रमा सन्दर्भ सामग्री सूचीमा रहेका त्रृटिको पहिचान गर्नु उद्देश्य रहेको यो लेख गुणात्मक ढाँचामा आधारित छ। सुर्खेत क्याम्पस शिक्षामा हालसम्म भएका नेपाली शिक्षा विषयका सम्पूर्ण शोधपत्रहरू यस अध्ययनको जनसङ्ख्या हो भने सुविधाजनक विधिको सहायताले दसवटा शोधपत्रलाई नमुनाको रूपमा छनौट गरी एपिए छैटौं संस्करण अनुसार ती शोशपत्रका सन्दर्भ सूची लेखनमा भएका त्रृटिको व्याख्या र विश्लेषण गरिएको छ । शोधपत्रको सन्दर्भ सूचीमा सबभन्दा बढी शोधपत्रलाई समावेश गरिएको छ भने त्यसपछि सन्दर्भ पुस्तक र केही मात्रामा संस्थागत सामग्रीलाई उल्लेख गरिएको छ । जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेख र इन्टरनेटबाट प्राप्त कुनै पनि सामग्रीको प्रयोग गरिएको छैन । सन्दर्भसूचीका अधिकांश कृतिलाई इटालिक्स नगरी बोल्ड गरिनुको साथै प्रकाशित ठाउँमा बिसर्ग दिनुको साटो अल्प बिराम दिई त्र'टिगरिएको छ । प्रकाशन स्थान र प्रकाशकलाई उचित स्थानमा राखिएको छैन । त्यसैगरी लेखकको पुरा नाम नभएका र नाम र कृति नमिल्ने सामग्री पनि उल्लेख गरेको पाइयो । शोधपत्र र संस्थागत सामग्रीलाई पनि एपिए ढाँचाअनुसार उल्लेख गरिएको छैन । कतिपयमा प्रकाशक संस्था नै स्पष्ट छैन भने कतिपयमा मुद्रण गर्ने संस्थालाई पनि प्रकाशकमा उल्लेख गरी त्र'टिगरिएको छ । शोधार्थीले एपिए छैटौं संस्करणको अध्ययन नगर्नु , अगाडिका शोधपत्रको नक्कल गर्ने परम्पराका कारण र हतारमा शोधपत्र बुझाउनु पर्ने आदि कारणले शोधपत्रको सन्दर्भ सूची निर्माणमा त्रुटि गरेको पाइन्छ ।*

**मूल शब्दावली** : एपिए, सन्दर्भसूची, शोधपत्र, संस्थागत, प्रकाशक, कृति ।

---

## विषय परिचय

अनुसन्धानलाई प्रमाणिकता प्रदान गर्नका लागि परिशिष्टभन्दा पहिले दिइने सामग्रीको सूची सन्दर्भ सामग्री सूची हो ।यसले शोधपत्रको व्यवस्थापनमा सहयोग गर्छ । यसलाई शोध एल्बम पनि भनिन्छ र यही एल्बमबाट शोधको बौद्धिकता मापन हुन्छ (श्रेष्ठ, २०७७ पृ. १२१) । उपयोग गरिएका सामग्रीको आधारमा शोधपत्रको तौल निर्धारण गरिन्छ । अनुसन्धानमा सन्दर्भाङ्कन गरिएका सम्पूर्ण सामग्रीको इमान्दारीका साथ निश्चित ढाँचामा रही सन्दर्भ सूचीमा समावेश गर्नु पर्छ । अध्ययन सम्पन्न गर्ने सिलसिलामा उपयोग गरिएका विभिन्न स्रोतबाट प्राप्तस सामग्रीको विस्तृत र क्रमबद्ध सूची नै सन्दर्भ सूची हो (खनाल, घिमिरे, घिमिरे, मि. न. पृ. १२६) । स्रोतको बारेमा इमान्दारीपूर्वक जानकारी दिनु पर्ने हुन्छ । यदि स्रोतको बारेमा कुनै पनि जानकारी दिइएन भने त्यसलाई भावहरण भनिन्छ भावहरणलाई बौद्धिक चोरी पनि भनिन्छ (लम्साल,२०२० पृ.१४१) । शोधमा प्रयोग भएका सामग्री सन्दर्भ सामग्री हुन भने सम्बन्धित शोधका लागि उपयोगी तर शोधमा प्रयोग नभएका सामग्री ग्रन्थसूची हुन (APA 2009 p.180, उधृत् खनाल, घिमिरे, घिमिरे, मि.न.पृ.१२६) । यसरी सन्दर्भ सूचीलाई कसैले सन्दर्भग्रन्थ सूचीको पनि नाम दिइएको पाइन्छ । यसप्रकारको नाम दिंदा आफूले कस्ता खालका सामग्रीको प्रयोग गरिएको छ सोहीअनुसारको नाम दिन आवश्यक छ । सन्दर्भ सामग्रीलाई सूचीबद्ध गर्ने विभिन्न प्रकारका संस्थाले आ-आफ्ना ढाँचाको विकास गरेका छन् । ती मध्ये केही प्रमूख ढाँचाहरूमा एपिए, एमएलए, एसिएल, एसएमएस, एचएस, टिएम डब्लु विषयअनुसार प्रचलनमा रहेको पाइन्छ । माथि उल्लिखित ढाँचाहरूमा एपिए ढाँचा बढी प्रचलमा रहेको पाइन्छ । यो ढाँचा अमेरिकन साइकोलोजिकल एसोसिएसनले तयार पारेकाले त्यस संस्थाको संक्षिप्त नाम एपिएको नामबाट यो प्रचलनमा आएको छ । यसको सुरुवात सन् १९२९ मा सात पृष्ठको ढाँचा तयार पारी भएको हो भने हाल सातौं संस्करण प्रकाशित भएको छ । त्रिभुवन विश्वकविद्यालयको शिक्षाशास्त्र सङ्कायले विगत केही वर्षदेखि एम.एड. तहको शोधपत्रमा एपिएको छैटौं संस्करणले निर्देश गरेको ढाँचा अनुसार सन्दर्भसूची राख्नैं निर्देश गरेको थियो भने हाल आएर सेमेस्टर प्रणाली अनुसारको शोधमा सन्दर्भसूची राख्दां एपिए

सातौं संस्करण अनुसारको ढाँचालाई आत्मसात गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । सुर्खेत क्याम्पस शिक्षामा २०६४ सालदेखि एम. एड. तहमा नेपाली शिक्षा विषयका ४०० भन्दा बढी शोध भइसकेका छन् । ती शोधपत्रका सन्दर्भसूचीमा एपिए छैटौं संस्करणले निर्देश गरेका ढाँचाको उपयोग भए नभएको विषयमा यो अध्ययन केन्द्रित रहेको छ ।

**समस्याकथन**

स्नातकोत्तर तहका नेपाली विषयका शोधपत्रमा डिन कार्यालयले निर्देश गरेको एपिए छैटौं संस्करण अनुसारको सन्दर्भ सामग्री सूचीको ढाँचाको के कसरी पालना भएको छ भन्ने मूल समस्यामा यो अध्ययन केन्द्रित छ ।

**उद्देश्य**

यो अध्ययनको उद्देश्य नेपाली शिक्षा विषयको शोधपत्र अन्तर्गत सन्दर्भ सामग्री सूचीमा एपिए छैटौं संस्करणले निर्देश गरेअनुसार भए नभएको पत्ता लगाउँनु रहेको छ ।

**अध्ययन विधि**

गुणात्मक ढाँचामा रहेको यो लेखको जनसङ्ख्या नेपाली शिक्षा विषयका सम्पूर्ण एम. एड. शोधपत्र रहेका छन भने ती मध्ये दसवटा शोधपत्रलाई सुविधाजनक नमुना छनोट विधिको सहायताले छनोट गरिएको छ । नमूनाको रूपमा लिइएका शोधपत्रलाई एपिए छैटौं संस्करणले निर्देश गरेका सन्दर्भ सामग्री सूचीका आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

**एपिए छैटौं संस्करणमा सन्दर्भ सूचीको ढाँचा**

एपिए छैटौं संस्करणअनुसार सन्दर्भ सूचीमा पुस्तक,शोधपत्र, र संस्थागत सामग्रीलाई सूचीकरण गर्ने ढाँचालाई बन्धु (२०६५)ले यसप्रकार उल्लेख गरेका छन् ।

**पुस्तक**

क. थर, नाम सानो कोष्ट (साल), कृति इटालिक्समा, स्थान : प्रकाशन ।
जस्तै- श्रेष्ठ, दयाराम (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन, काठमाडौं: शिखा बुक्स ।

ख. तीन जनासम्म लेखक भएका कृतिलाई थर र नाम लेख्ने र चार जनाभन्दा माथि भएका कृतिमा पहिलो लेखकको थर र नाम लेखेर अन्य लेख्ने ।
जस्तै- थापा, दिनबहादुर, सिलवाल सुदर्शन र भण्डारी मोहन ( २०७६) , शिक्षण अभ्यास सन्दर्भ पुस्तक, काठमाडौः काष्टमण्डप पुस्तक घर ।
अधिकारी, नारायणप्रसाद र अन्य (२०७८), त्रिभुवन विश्वविद्यालय सेवा आयोग ज्ञान सागर, काठमाडौं: इन्टेलेक्चुअल बुक प्यालेस ।

ग. प्रकाशित भएको र विद्युतीय रूप पनि भएको कृतिलाई थर, नाम (मिति), कृति इटालिक्समा, रिट्राइभ फ्रोम र वेभसायड दिने ।
Halliday, Michael Alexander Kirkwood Greaves, S.William (2008) Intonation in the Grammar. retrieved from https://ebooksz.net/.../intonation.in.the.grammar.of./.../.

घ. विद्युतीय रूप मात्र भएको कृतिलाई थर, नाम (मिति), कृति इटालिक्समा, रिट्राइभ फ्रोम र वेभसायड डाउनलोड महिना गते साल दिने ।
Gautam, Bhim Lal (2021) *Language Contact in Nepal: A Study on Language Use and Attitudes.* Retrieved from https://books.google.com.np/books/about/Language_Contact in Nepal.html?id.QRomEAAAQBAJ&rediresc.y. March16/2022.

ङ. मुद्रित अध्यायबाट कुनै कुरा साभार गरिएमा थर, नाम (मिति), शीर्षक, सम्पादकको नाम र थर, पुस्तकको नाम इटालिक्समा (पृष्ठ), स्थान : प्रकाशक ।
सर्वहारी, कृष्णराज थारु (२०७५) थारु साहित्यको इतिहास, सम्पा श्रवण मुकालुङ र पदम राई *मातृभाषा साहित्यको इतिहास* (२१४-२४२), काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।

च. संस्करण भएका सन्दर्भ सामग्रीमा थर, नाम सानो कोष्ट ( साल ), कृति इटालिक्समा ( संस्करण) , स्थान : प्रकाशन ।

**पत्रपत्रिका**

क. जर्नलमा भएका लेख रचनालाई सन्दर्भ सूचीमा उल्लेख गर्दा थर, नाम (साल), शीर्षक, जर्नलको नाम इटालिक्समा, वर्ष ( भोलुम नम्बर), पृ. ।
देवकोटा, रत्नाकर (२०५१),'पश्चिम नेपालमा प्रचलित मस्टो तथा धामी परम्परा' प्रज्ञा ८१, पृ. ८६-९९।

ख. लेखक नभएको लेखको लागि शीर्षक (वर्ष, महिना, दिन ), पत्रिकाको नाम इटालिक्समा , वर्ष ( नम्बर) , पृ. ।

मानव अधिकारको संरक्षण ( २०५२ ) समपादकीय , गोरखापत्र , चैत्र २ पृ.६ ।

ग. खबर पत्रिकाको लेखका लागि थर, नाम (साल, महिना, दिन), शीर्षक, खबरपत्रिकाको नाम इटालिक्समा, पृ. ।

ढकाल, दुविनन्द (२०७८ चैत्र २) नेपालमा भाषा अभिलेखीकरण, *खबरकुरा दैनिक* पृ.२ ।

**अनुसन्धान प्रतिवेदन /शोधपत्र**

क. अनुसन्धान प्रतिवेदनका लागि थर, नाम ( साल), शीर्षक इटालिक्समा, स्थान : प्रकाशन ।

गुरागाई, लेखनाथ( २०३८), *नेपाली नाम धातुको निर्माण प्रक्रिया,* स्नाकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

ख. विद्यावारिधि र स्नाकतकोत्तर तहका प्रकाशित शोधपत्रका लागि थर, नाम (साल),शीर्षक इटालिक्समा , विश्वविद्यालय , विभाग , क्याम्पस र स्थान ।

शाही, हर्कबहादुर (२०७०), अछामी भाषाको अध्ययन, विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय दाङ ।

ग. विद्यावारिधि र स्नाकतकोत्तर तहका अप्रकाशित शोधपत्रका लागि थर, नाम ( साल), शीर्षक इटालिक्समा , विश्वविद्यालय , ( अप्रकाशित शोधपत्र) विभाग , क्याम्पस र स्थान ।

शाही, हर्कबहादुर(२०७०), अछामी भाषाको अध्ययन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय दाङ ।

**संस्थागत सामग्री**

क. संस्थागत ब्रोसरका लागि संस्थाको नाम, (साल ), शीर्षक इटालिक्समा , (संस्करण ), स्थान : लेखक ।

पाठ्यक्रम विकास केन्द्र ( २०६३) , *प्रकाशन सम्पादन शैली,* २०६३, भक्तपुर : स्वयम ।

ख. संस्थागत/आयोगका प्रतिवेदनका लागि संस्था वा आयोगको नाम (साल), शीर्षक, इटालिक्समा ठेगाना ।

राष्ट्रिय भाषानीति सुझाव आयोग (२०५०), *राष्टिय भाषानीति आयोगको प्रतिवेदन,* काठमाडौं : स्वयम ।

**शोधपत्रमा समाविष्ट सन्दर्भ सामग्रीमा रहेका त्रुटि**

नेपाली शिक्षा विषयका शोधपत्रमा समाविष्ट सन्दर्भ सूचीमा रहेका त्रुटियसप्रकार रहेका छन ।

**पुस्तक**

स्नातकोत्तर तहको नेपाली शिक्षा विषयका शोधपत्रको सन्दर्भ सूचीमा पुस्तकहरूलाई निम्नानुसार त्रुटिपूर्ण ढाँचामा सूचीकरण गरेको पाइयो ।

तालिका नं. १ शोधपत्रको सन्दर्भ सूचीमा समाविष्ट त्रुटि पूर्ण पुस्तक सूची

| क. सं. | सन्दर्भ सूचीमा समाविष्ट त्रुटिपूर्ण पुस्तक सूची | एपिए छैटौ संस्करण अनुसार हुनुपर्ने पुस्तक सूची |
|---|---|---|
| १ | अधिकारी, हेमाङ्गराज (२०५३) भाषा शिक्षण केही परिप्रेक्ष्य र पद्धति, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ( जैसी, २०६५) । | अधिकारी, हेमाङ्गराज (२०५३), भाषा शिक्षण केही परिप्रेक्ष्य र पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार । |
| २ | अधिकारी, हेमाङ्गराज (२०५३), सामाजिक र प्रायोगिक भाषाविज्ञान, रत्न पुस्तक भण्डार, काठमाडौं नेपाल ( जैसी, २०६५) । | अधिकारी, हेमाङ्गराज (२०५३), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार । |
| ३ | भण्डारी, डा. पारशमणि र अन्य (२०६४), नेपाली गद्य र नाटक काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन ( पौडेल, २०७०)। | भण्डारी, पारशमणि र अन्य (२०६४), नेपाली गद्य र नाटक काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन । |
| ४ | लम्साल, रामचन्द्र र अन्य (२०६०), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : भुँडिपुराण प्रकाशन ( उपाध्याय, २०६९)। | लम्साल, रामचन्द्र र अन्य (२०६०), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : भुँडिपुराण प्रकाशन । |
| ५ | ग्रियर्सन : (सन् १९२७), लिङ्विष्टिक सर्भे अफ इन्डिया, कलकत्ता (पाण्डे, २०६७) । | ग्रियर्सन, अब्राहम (सन् १९२७), लिङ्विष्टिक सर्भे अफ इन्डिया, कलकत्ता : गभर्मेन्ट अफ इन्डिया सेन्टर पब्लिकेसन ब्रान्च इन्डिया । |
| ६ | सांकृत्यायन, कमला (२०१६), नेपाली लोक साहित्य : हिन्दी साहहहित्यको बृहत् इतिहास | सांकृत्यायन, कमला सम्पा. (२०१६), हिन्दी साहित्यको बृहत् इतिहास, भारत : काशी नगरी |

| | | |
|---|---|---|
| | सम्पादक : काशी नगरी प्रचारीणी सभा ( ढकाल,२०६२) । | प्रचारीणी सभा । |
| ७ | श्रीवास्तव, दयानन्द : ( २००८) नेपाली ल्याङग्वेज एण्ड एण्ड इटस् हिस्ट्री एण्ड डेभलभमेन्ट कलकत्ता ( पाण्डे, २०६७) । | श्रीवास्तव, दयानन्द ( २००८), नेपाली ल्याङग्वेज एण्ड एण्ड इटस् हिस्ट्री एण्ड डेभलभमेन्ट, कलकत्ता : प्रकाशक । |
| ८ | पोखरेल, बालकृष्ण (२०४७) नेपाली भाषाको उत्पत्ति, काठमाडौं : भारद्वार प्रकाशन (मल्ल, २०५७) । | बन्धु, चूडामणि (२०४७) नेपाली भाषाको उत्पत्ति, काठमाडौं : भारद्वार प्रकाशन । |
| ९ | अधिकारी, विष्णुप्रसाद (२०६७) निम्नमाध्यामिक शिक्षक दिग्दर्शन, काठमाडौं : आशिष पुस्तक भण्डार ( शाही, २०७२) । | अधिकारी, विष्णुप्रसाद (२०६७) निम्नमाध्यामिक शिक्षक दिग्दर्शन, काठमाडौं : आशिष पुस्तक भण्डार । |
| १० | सबैको नेपाली कक्षा ११ (२०७०) साझाप्रकाशनको छापाखाना,पुल्चोक ललितपुर ( पाण्डे, २०६७) । | पराजुली, ठाकुरप्रसाद र अन्य (२०७०) सबैको नेपाली कक्षा ११, ललितपुर : साझा प्रकाशन । |

माथिको तालिका अनुसार नेपाली विषयको शोधपत्रको सन्दर्भ सूचीमा पुस्तकलाई उल्लेख गर्दा एपिए ढाँचा विपरित पुस्तकलाई सबै ठाउँमा बोल्ड गरिएको पाइयो भने प्रकाशन स्थानमा बिसर्गको सट्टा अल्प बिराम दिइएको छ । प्रकाशन स्थान र प्रकाशकलाई कही अन्त्यमा राखिएको र कही राखिएको छैन । त्यसैगरी कुनैमा लेखकको नाम पनि छुटाइएको छ थर मात्र छ भने कुनैमा लेखक र कृतिको पनि तालमेल छैन । माथि ८ मा उल्लिखित कृति बालकृष्ण पोखरेलको नभई चूडामणि बन्धुको हो । यहाँ भने बालकृष्ण पोखरेलको भनेर उल्लेख गरिएको छ । नम्बर ६ मा पनि सम्पादित सामग्री पनि एपिए छैटौं संस्करण बिपरित उल्लेख गरी सम्पादकको नजिक सम्पा. लेख्नु पर्नेमा अन्तै उल्लेख गरिएको छ । यसरी शोधपत्रमा एक जनाले जे लेख्यो सबैले त्यही लेख्ने ढाँचाको हेक्का नराख्ने हुँदा सन्दर्भ सामग्री सूचीमा गल्ति गरेको पाइन्छ ।

**शोधपत्र**

पूर्वकार्यको पुनरावलोकन गर्दा आफूभन्दा पहिलेका शोधपत्रलाई प्रयोग गर्ने गरेको पाइन्छ । नेपाली शिक्षा विषयका शोधपत्रको सन्दर्भ सूचीमा उल्लेखित शोधपत्रलाई निम्नानुसार त्रृटिपूर्ण ढाँचामा सूचीकरण गरेको पाइन्छ ।

तालिका नं. २ शोधपत्रको सन्दर्भ सूचीमा समाविष्ट त्रृटिपूर्ण शोधपत्र सूची

| सं. | सन्दर्भ सूचीमा समाविष्ट त्रृटिपूर्ण शोधपत्र सूची | एपिए छैटौ संस्करण अनुसार हुनु पर्ने शोधपत्र सूची |
|---|---|---|
| १ | अधिकारी, राजकुमार (२०५७) कछाडिया र नेपाली भाषाको तुलनात्मक अध्ययन, काठमाडौं : अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर ( मल्ल, २०५७)। | अधिकारी, राजकुमार (२०५७), कछाडिया र नेपाली भाषाको तुलनात्मक अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा केन्द्रीय विभाग कीर्तिपुर । |
| २ | के.सी., गङ्गाबहादुर ( २०५५) सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण मगर भाषी विद्यार्थीमा पाइने त्रृटिहरूको अध्ययन, अप्र. शोप्र. कीर्तिपुर ( मल्ल, २०५७) । | के.सी., गङ्गाबहादुर (२०५५) सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण मगर भाषी विद्यार्थीमा पाइने त्रृटिहरूको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा केन्द्रीय विभाग कीर्तिपुर । |
| ३ | आचार्य, विष्णुकुमारी ( २०६५), कक्षा आठमा अध्ययनरत विद्यार्थीको सारांशलेखन क्षमताको अध्ययन, अप्रकाशित शोधपत्र, त्रिवि (भण्डारी, २०६९) । | आचार्य, विष्णुकुमारी ( २०६५), कक्षा आठमा अध्ययनरत विद्यार्थीको सारांशलेखन क्षमताको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा केन्द्रीय विभाग कीर्तिपुर । |
| ४ | घिमिरे, फर्सुराम (२०६१) : कक्षा छ उत्तीर्ण विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्णविन्याससम्बन्धी त्रृटिहरूको एक अध्ययन ( लघु अनुसन्धान ) (जैसी, २०६५) । | घिमिरे, फर्सुराम (२०६१), कक्षा छ उत्तीर्ण विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्णविन्याससम्बन्धी त्रृटिहरूको एक अध्ययन, ( लघु अनुसन्धान ) त्रिवि शिक्षाशात्र सङ्काय डीनको कार्यालय कीर्तिपुर । |
| ५ | ओली पुष्पा (२०७३ ) , रूकुम जिल्लाका | ओली, पुष्पा (२०७३ ), रूकुम जिल्लाका स्थाननाम |

| | | |
|---|---|---|
| | स्थाननाम को नमुना शब्दकोश, अप्रकाशित शोधपत्र, सुर्खेत क्याम्पस शिक्षा ( खनाल, २०७७) । | को नमुना शब्दकोश, (अप्रकाशित स्नाततकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा । |
| ६ | अधिकारी, दुर्गाप्रसाद (२०६९), मैयासाहेब कथाको शैलीवैज्ञानिक अध्ययन, स्नातकोत्तर अप्रकासित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस शिक्षा पौडेल, २०७०) । | अधिकारी,दुर्गाप्रसाद(२०६९), मैयासाहेब कथाको शैलीवैज्ञानिक अध्ययन, (अप्रकाशित स्नारतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा । |
| ७ | खत्री, प्रकाशचन्द्र(२०६०),"असीदराली भाषिकाको अध्ययन" अप्रकाशित शोधपत्र, त्रिवि कीर्तिपुर । | खत्री,प्रकाशचन्द्र (२०६०), असीदराली भाषिकाको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा केन्द्रीय विभाग कीर्तिपुर । |
| ८ | अधिकारी, उमा (२०४), प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन अभिव्यक्तिसम्बन्धी त्रृटिविश्लेखषण, स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर । | अधिकारी, उमा (२०४), प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन अभिव्यक्तिसम्बन्धी त्रृटिविश्लेषण, (अप्रकाशित स्नाीतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा । |
| ९ | ढकाल, ऋषिकेश (२०६२), अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन : स्नातकोत्तर शोधपत्र त्रिवि । | ढकाल, ऋषिकेश (२०६२), अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन (अप्रकाशित स्नाकतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा । |

शोधपत्रलाई धेरैले सन्दर्भ सामग्री सूचीमा सबभन्दा बढी सूचीकरण गरेका छन् । माथि तालिका अनुसार सबैले शोधपत्रलाई इटालिक नगरी बोल्ड गरेको पाइन्छ भने स्नातकोत्तर शोधपत्रलाई सानो कोष्टकमा राखिएको छैन । कही अप्रा. शोप. भनेर संक्षेपीकरण पनि गरेको पाइन्छ । शोध शीर्षक पछि विश्वविद्यालयको नाम र विभाग उल्लेख नगरी सोझै स्नातकोत्तर शोधपत्र त्रिवि उल्लेख गरिएको छ । मितिलाई भने सबैले सानो कोष्टकमा राखेको पाइन्छ तर कोष्टक पछाडि दिनु पर्ने अल्पविराम चिन्ह भने कसैले दिएको र कसैले दिएको देखिदैन । यसैगरी शोधपत्रलाई दोहोरो उद्धरण चिन्हभित्र राखेर एपिए ढाँचाको उल्लङ्घन गरेको पाइन्छ । माथि तालिकाको ४ नम्बरमा शोधलाई लघु अनुसन्धान मात्र भनिएको छ कहाँबाट गरिको हो त्यस कुराको उल्लेख नै छैन । यसरी शोधपत्रलाई गराउने विश्वविद्यालय विभाग र संस्थाको स्पष्ट नाम उल्लेख गरिएन भने त्यस्ता सामग्रीको कुनै औचित्य नै हुदैन र त्यो सामग्री शोधार्थीले अध्ययन गरेको हो कि होइन भन्ने कुरामा नै शङ्का उत्पन्न हुन जान्छ ।

**संस्थागत सामग्री**

कुनै संस्थाले प्रकाशन गरेका सामग्रीलाई संस्थागत सामग्री भनिन्छ । यस्ता सामग्रीलाई पनि सन्दर्भ सूचीमा सूचीकरण गर्ने निश्चिंत ढाँचा एपिए छैटौं संस्करणले निर्देश गरेको छ । नेपाली शिक्षा विषयका शोधपत्रको सन्दर्भसूचीमा संस्थागत सामग्रीको त्यति धेरै उपयोग गरेको नपाइए पनि उल्लेख गरेका त्रृटिपूर्ण समाग्रीहरू यसप्रकार छन ।

तालिका नं. ३ शोधपत्रको सन्दर्भ सूचीमा समाविष्ट त्रृटिपूर्ण संस्थागत सामग्री सूची

| क्र. | सन्दर्भ सूचीमा समाविष्ट संस्थागत त्रृटिपूर्ण सामग्री | एपिए छैटौ संस्करण अनुसार हुनु पर्ने संस्थागत सामग्री सूची |
|---|---|---|
| १ | केन्द्रीय तथ्याङ्क विभाग, शाखा तथ्याङ्क कार्यालय सुर्खेत वस्तुगत विवरण दैलेख (२०६३), सुर्खेत केन्द्रीय तथ्याङ्क विभाग, शाखा तथ्याङ्क कार्यालय ( बुढा, २०६५) । | नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०६३), जिल्ला वस्तुगत विवरण दैलेख, सुर्खेत : केन्द्रीय तथ्याङ्क विभाग, शाखा कार्यालय । |
| २ | पाठ्यक्रम विकास केन्द्र (२०६५), कक्षा दसको नेपाली पाठ्यपुस्तक, सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र । | पाठ्यक्रम विकास केन्द्र (२०६५), कक्षा दसको नेपाली पाठ्यपुस्तक , भक्तपुर : पाठ्यक्रम विकास केन्द्र । |
| ३ | माध्यमिक शिक्षा विकास केन्द्र ( २०५७) , माध्यामिक तहको प्रशिक्षक निर्देशिका नेपाली, सानोठिमी भक्तपुर : माध्यामिक शिक्षा विकास | माध्यमिक शिक्षा विकास केन्द्र (२०५७) , माध्यामिक तहको प्रशिक्षक निर्देशिका नेपाली, भक्तपुर : माध्यामिक शिक्षा विकास केन्द्र । |

| | | |
|---|---|---|
| | केन्द्र । | |
| ४ | पाठ्यक्रम विकास केन्द्र (२०५८), निम्न माध्यामिक पाठ्यक्रम भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय । | नेपाल सरकार शिक्षा मन्त्रालय (२०५८), निम्न माध्यामिक पाठ्यक्रम, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र । |

शोधपत्रमा माथिको तालिकाअनुसार सामग्रीको प्रकाशन संस्था र मूल संस्थाको बारेमा अलमलिने किसिमले सामग्रीलाई सूचीकरण गरिएको छ । नेपाल सरकारको राष्ट्रिय योजना आयोगको मातहतमा रहेको केन्द्रीय तथ्याङ्क कार्यालयको सुर्खेत शाखाले प्रकाशित गरेको सामग्रीलाई अन्यथा लेखी सूचीबद्ध गरिएको छ । त्यसैगरी कुनै पनि कृतिलाई इटालिक्स गरिएको छैन । पाठ्यक्रम विकास केन्द्रको पाठ्यपुस्तकलाई मुद्रण गरिने जनक शिक्षा सामग्री केन्द्रलाई प्रकाशक बनाइएको छ । त्यसैगरी पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएको पाठ्यक्रमलाई शिक्षा मन्त्रालय उल्लेख गरिएको छ र कृतिलाई बोल्ड पनि गरिएको छ । यसरी संस्थागत सन्दर्भ सामग्रीलाई एपिए छैटौं संस्करणको ढाँचा विपरित शोधपत्रको सन्दर्भ सूचीमा सूचीकरण गरेको देखिन्छ ।

**निष्कर्ष**

स्नातकोत्तर तहका नेपाली शिक्षा विषयका शोधपत्रको सन्दर्भ सूची तयार गर्दा एपिए छैटौं संस्करणअनुसार गर्ने भन्ने त्रिवि शिक्षाशास्त्र सङ्कायको निर्देशन रहेको थियो तर पुस्तक, शोधपत्र र संस्थागत सामग्रीलाई सबै ठाउँमा इटालिक्स नगरी बोल्ड गरिएको छ भने पुस्तकको प्रकाशन स्थानमा बिसर्गको सट्टा अल्प बिराम दिनुको साथै प्रकाशन स्थान र प्रकाशकलाई कही अन्त्यमा र कही राखिएको छैन । कुनैमा लेखकको थर मात्र छ भने कुनैमा लेखक र कृतिको पनि तालमेल छैन त्यसैगरी सम्पादकको नजिक सम्पा. लेख्नु पर्नेमा अन्तै उल्लेख गरिएको छ । स्नातकोत्तर शोधपत्रलाई सानो कोष्टकमा नराखी कही अप्रा. शोप. भनेर संक्षेपीकरण गरिएको र शीर्षक पछि विश्वविद्यालयको नाम र विभाग उल्लेख नगरी सोझै स्नातकोत्तर शोधपत्र त्रिवि उल्लेख गरी मितिपछि कतिपयमा अल्पविराम चिन्ह दिएको देखिदैन । यसैगरी शोधपत्रलाई दोहोरो उद्धरण चिन्हभित्र राखिएको छ र एक ठाउँमा लघु अनुसन्धान मात्र भनिएको छ कहाँबाट गरिको हो त्यस कुराको उल्लेख गरिएको छैन । संस्थागत सामग्रीको प्रकाशन संस्था र मूल संस्थाको बारेमा अलमलिने किसिमले सामग्रीलाई सूचीकरण गरिएको छ र मुद्रण गरिने संस्थालाई प्रकाशक बनाइएको छ । यसरी सुर्खेत क्याम्पस शिक्षाका नेपाली शिक्षा विषयका अधिकांश शोधपत्रका सन्दर्भ सूची तोकिएको ढाँचामा छैनन । धेरैले पुराना शोधपत्रलाई मात्र आफ्नो सन्दर्भ सामग्रीमा समावेश गरेका छन भने दोस्रो स्थानमा सन्दर्भ पुस्तकलाई आफ्नो सन्दर्भ सूचीमा सूचीवद्ध गरको पाइयो । संस्थागत सामग्रीलाई पनि नगन्य मात्रामा उपयोग गरिएको पाइयो भने जर्नलका लेख रचना अन्य भाषामा लेखिएका सामग्रीको प्रयोग भएको पाइएन । शोधार्थीले एपिए छैटौं संस्करणको अध्ययन नगर्नु ,अगाडिका शोधपत्रको नक्कल गर्ने परम्पराका कारण र हतारमा शोधपत्र बुझाउनु पर्ने आदि कारणले शोधपत्रको सन्दर्भ सूची निर्माणमा त्रुटिगरेको पाइन्छ ।

**सन्दर्भ सामग्री**

उपाध्याय, रूपानन्द ( २०६९), अछामी भाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा लेखनमा गर्ने वर्णविन्याससम्बन्धी त्रृटिको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

खनाल, पुष्पा (२०७७), दैलेख दुल्लु नगरपालिका क्षेत्रका स्थान नामकोश, (अप्रकाशित स्नासतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

खनाल, पेशल, घिमिरे, जनार्दन, घिमिरे, चोलाकान्त (मि. न.), *गुणात्मक अनुसन्धान* (स्वाध्यायन सामग्री ), काठमाडौं : त्रिवि शिक्षाशात्र सङ्काय डीन कार्यालय कीर्तिपुर ।

जैसी, रूपा (२०६५), कैलाली जिल्लाका कक्षा आठमा अध्ययरत विद्यार्थीहरूले नेपाली भाषालेखनमा गर्ने वर्णविन्यास त्रृटिहरूको अध्ययन, (अप्रकाशित स्नापतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

निउरे, ध्रुबप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सन्साइन पब्लिकेशन ।

पाण्डे, रामचन्द्र (२०६७ ), अछाम आठसय क्षेत्रमा बोलिने स्थानीय भेद र स्तरीय नेपाली भाषाको तुलनात्मक अध्ययन, (अप्रकाशित स्नारतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

पौडेल, टिकाराम (२०७०), अनुराधा उपन्यासको शैलीवैज्ञानिक अध्ययन, (अप्रकाशित स्नाातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* (दो. सं.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

बुढा, वीरेन्द्र (२०६५), दैलेखी भाषिकाको अध्ययन, (अप्रकाशित स्नात्तकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

भण्डारी, पारशमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, भीमकुमारी (२०६९),कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको जीवनीलेखन क्षमताको अध्ययन, (अप्रकाशित स्नारतकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

मल्ल, भद्रबहादुर (२०७०), स्तरीय नेपालि भाषा र रूकुमकोट क्षेत्रमा बोलिने भाषिक भेदको तुलनात्मक अध्ययन, (अप्रकाशित स्नाततकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

लम्साल, तिलकप्रसाद (2020) "शोधलेख तथा शोधप्रतिवेदनमा सन्दर्भस्रोतको उपयोग" *Rupantaran M A Multidisciplinary Journal, Dhankuta M RMC Dhankuta Multipal Campus.* Vol.III p.139–152.

शाही, कलमबहादुर (२०७२), निमावि नेपाली भाषा पाठ्यक्रम ०५८ र ०५९ को तुलनात्मक अध्ययन, (अप्रकाशित स्नाातकोत्तर शोधपत्र), त्रिवि नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।